नेपाल सरकारको तर्फबाट वार्ताका लागि तोकिएका सूचना तथा सञ्चार मन्त्री मा. कृष्णबहादुर महरा र नेपाल पत्रकार महासंघद्वारा अध्यक्ष श्री धर्मेन्द्र झाको नेतृत्वमा गठित वार्ता टोलीबीच यही २०६५।९। १० र १३ गते सूचना तथा सञ्चार मन्त्रालयमा सौहाद्रपूर्ण वातावरणमा छलफल भई दुई पक्षबीच निम्नलिखित बुँदाहरुमा सहमति गरियो ।

१. प्रेस स्वतन्त्रताको रक्षा र सञ्चारकर्मी तथा सञ्चारगृहमा सुरक्षाको पूर्ण प्रत्याभूति र कार्यक्षेत्रमा विना व्यवधान काम गर्न पाउने वातावरण निर्माणका लागि नेपाल सरकारको तर्फबाट व्यवस्थापिका संसदमा प्रतिवद्धता व्यक्त गर्ने ।
२. सम्पूर्ण राजनैतिक दलहरुको प्रेस स्वतन्त्रताप्रतिको धारणा सार्वजनिक गर्न सरकारको तर्फबाट पहल गर्ने । साथै प्रेस स्वतन्त्रता हननमा संलग्न भएका राजनैतिक दलका कार्यकर्तालाई सम्बन्धित दलले कानूनी कारवाही चलाउन सहयोग पुर्‍याउन राजनैतिक दलहरुलाई सरकारले आग्रह गर्ने र सरकारमा सहभागी दलले सो को प्रतिवद्धता समेत जनाउने ।
३. प्रेस स्वतन्त्रता हनन् सम्बन्धी घटनाहरुलाई सम्बोधन गर्न सूचना तथा सञ्चार मन्त्रालयमा एक Focal Point राख्ने र उक्त Focal Point ले प्रेस स्वतन्त्रता हननका घटना सम्बन्धमा महासंघ र अन्य सञ्चार सम्बद्द संस्था एवं माध्यमबाट प्राप्त जानकारीलाई शीघ्र आवश्यक कारवाहीका लागि सरकारका सम्बन्धित निकायबाट तत्काल कारवाही गर्न पहल गर्ने ।
४. दीर्घकालीन रुपमा प्रेस स्वतन्त्रता तथा पत्रकारको सुरक्षा सम्बन्धी नीति सिफारिश गर्न सञ्चार मन्त्रालयका प्रतिनिधि, गृह मन्त्रालयका प्रतिनिधि र पत्रकार महासंघका प्रतिनिधि समेत सम्मिलित एक कार्यदल गठन गर्ने ।
५. हालैका दिनमा काठमाडौंको हिमाल मिडिया, वीरगञ्जको अंकुश दैनिक लगायत देशका विभिन्न भागमा भएका घटनामा संलग्न दोषीहरुलाई कानूनबमोजिम कारवाहीका लागि कार्य अगाडि बढाइएकोमा त्यसलाई महासंघले सकारात्मक रुपमा लिदै स्वागत गरेको छ । साथै डडेलधुरा, अछाम, दोलखा, सिन्धुली, काभ्रेपलाञ्चोक लगायत देशका अन्य भागमा भएका घटनामा संलग्न दोषी माथि समेत कानूनी कारवाही र पीडितलाई क्षतिपूर्ति दिलाउन नेपाल सरकारले प्रतिवद्धता व्यक्त गर्ने ।
६. विभिन्न सञ्चार प्रतिष्ठानमा देखिएका समस्याका साथै हालैका दिनमा निस्कासित सञ्चारकर्मी एवं मजदूर कर्मचारीहरुको पुनर्वाहाली सम्बन्धमा मजदुर युनियन र व्यवस्थापन पक्षवीच वार्ता थाल्न नेपाल सरकार र पत्रकार महासंघले पहल गर्ने ।
७. नेपाल पत्रकार महासंघको आव्हानमा भएको आन्दोलनको क्रममा माईतीघर मण्डलामा भएको घटनाप्रति दुःख व्यक्त गर्दै घाईते नेपाल पत्रकार महासंघका सचिव श्री रामजी दाहालको शिघ्र स्वास्थ्यलाभको कामनाको साथै दोषी प्रहरी माथि कारवाही गर्ने प्रतिवद्धता व्यक्त गर्ने ।
८. कान्तिपुर पब्लिकेशनको विराटनगरबाट प्रकाशित हुँदै आएको कान्तिपुर दैनिक र द काठमाण्डु पोष्ट दैनिकको पूर्वाञ्चल संस्करण आजैदेखि प्रकाशित गर्नका लागि सम्बद्द पक्षलाई अपिल गर्ने । साथै आप्का हाउस र कान्तिपुरको पोखरा क्षेत्रीय कार्यालयमा देखिएको समस्या समाधानका लागि सम्बद्द पक्षलाई आग्रह गर्ने ।
९. नेपाल पत्रकार महासंघको आव्हानमा भईरहेको आन्दोलन कार्यक्रम आजैका मितिदेखि स्थगित गर्ने ।
१०. उल्लेखित सहमतिहरुको कार्यान्वयनको अनुभूति सात दिनभित्र गराउने ।